'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १९२ शनिवार २४ फागुन, २०८१ 08 (Saturday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## दुर्घटना न्यूनीकरणका लागि सबैको साथ र सहयोग आवश्यक: एसपी खत्री

नमस्ते समचारदाता
नेपालगन्ज, फागुन/२३



नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक श्याम बहादुर खत्रीले सडक दुर्घटना न्यूनीकरणका लागि सबै सरोकारवालाको साथ र सहयोग आवश्यक रहेको बताएका छन् । उनले नेपालगन्जको धम्बोझी चोकमा आयोजित 'दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि बृहत् ट्राफिक सचेतना कार्यक्रम'लाई सम्बोधन गर्दै ट्राफिक प्रहरीको एकल प्रयासले मात्र दुर्घटना नियन्त्रण सम्भव नहुने औंल्याए । उनले सडक दुर्घटना हुनुमा विभिन्न कारण रहेको बताउँदै एक जनाको लापरवाहीले कैयौँको ज्यान जाने, घाइते हुने तथा अपाङ्गता समेत बढ्दै जाने समस्या रहेको उल्लेख गरे । "ट्राफिक प्रहरीले मात्र दुर्घटना न्यूनीकरण गर्न सक्दैन," एसपी खत्रीले भने, "सडक विभाग, ट्राफिक, चालक, पैदलयात्री, विद्युत् कार्यालय, यातायात व्यवस्था कार्यालय, स्थानीय, प्रदेश र सङ्घ सरकार सबैको समान भूमिका रहन्छ ।" उनले दुर्घटना न्यूनीकरणका लागि स्थानीय तहको सक्रियता आवश्यक रहेको बताउँदै अति व्यस्त चोक तथा सडकहरूमा आकासे पुल, ट्राफिक लाइट जडान, छाडा पशुचौपायाको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । साथै, उनले पुराना सवारी साधनको प्रयोगले दुर्घटना निम्त्याउने भएकाले यातायात व्यवस्था कार्यालयले पुराना गाडीको चेकजाँच तथा सञ्चालनमा बन्देज लगाउनुपर्ने बताए। कार्यक्रममा एसपी खत्रीले यात्रुहरू स्वयं पनि सुरक्षित यात्राका लागि जिम्मेवार हुनुपर्ने बताए । "यात्रुहरूले जेब्रा क्रसिङ, आकासे पुलको प्रयोग गर्ने, बाटो काट्दा दायाँबायाँ हेर्ने, सवारीको गतिको ध्यान दिने, छतमा वा कोचाकोच भएर यात्रा नगर्ने जस्ता नियम पालना गरे दुर्घटनाबाट जोगिन सकिन्छ," उनले भने । त्यस्तै, विद्युत् कार्यालयले सडकको बीच भागमा रहेका पोल हटाउनुपर्ने, सम्बन्धित निकायले सडकमा सिसी क्यामेरा जडान तथा सडक रेखा चुस्तदुरुस्त राख्नुपर्ने उनको भनाइ थियो । चालकहरूलाई बस स्टपमा मात्र गाडी रोक्ने, लेन अनुशासन पालना गर्ने, तीव्र गतिमा गाडी नचलाउने, यात्रुहरूलाई निश्चित ठाउँमै चढाउने तथा झार्ने विषयमा सचेत हुनुपर्नेमा उनले जोड दिए। एसपी खत्रीका अनुसार चालु आर्थिक वर्षको साढे सात महिनामा लुम्बिनी प्रदेशमा तीन सय तीन जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् भने एक हजार २६३ वटा दुर्घटना भएका छन् । ती दुर्घटनामा परी एक हजार ९१८ जना घाइते भएका छन् । उनले फागुन महिनामा मात्रै २९ जनाको मृत्यु भएको जानकारी दिए । बाँके जिल्लामा मात्रै माघ महिनासम्म ४७ जनाले ज्यान गुमाएको र ३१० जना घाइते भएको तथ्याङ्क सार्वजनिक गर्दै उनले दुर्घटना न्यूनीकरणका लागि कडाइका साथ नियम लागु गर्नुपर्ने बताए। गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशभर ३९५ जनाले ज्यान गुमाएका थिए, जसमा १०० जना बालबालिका समेत रहेको एसपी खत्रीले जानकारी दिए । कार्यक्रममा बाँकेका निमित्त प्रमुख जिल्ला अधिकारी खडानन्द खत्री, नेपालगन्ज उपमहानगर पालिकाका नगर प्रमुख प्रशान्त विष्ट, बाँके प्रहरी प्रमुख प्रहरी उपरीक्षक तुल बहादुर कार्की, पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरी, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्णप्रसाद वेलबासे, संयोजक विमल ढकाल लगायतले आ-आफ्नो विचार राखेका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक पुस्करराज पन्तले सबै सरोकारवालाहरूको सहकार्यबाट मात्रै सडक दुर्घटना न्यूनीकरण सम्भव हुने बताए । कार्यक्रममा सहभागिहरूले दुर्घटना रोकथामका लागि प्रभावकारी उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिएका थिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## बाँकेको खजुरामा भीषण आगलागी, लाखौंको क्षति

नमस्ते समचारदाता
बाँके, फागुन/२३



बाँकेको खजुरा गाउँपालिका -४, डि गाउँ थपपलटमा शुक्रबार दिउँसो करिब ३ बजे भीषण आगलागी भएको छ । आगलागीबाट स्थानीय लाल बहादुर रोकायाको घर र गोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ । माटोको दिवाल र टायलले छाएको घर तथा खरले छाएको गोठ पुनः प्रयोग गर्न नसक्ने गरी जलेको स्थानीयले बताएका छन् । घरभित्र रहेका आवश्यक कागजात, खाद्यान्न, लत्ताकपडा समेत आगोमा नष्ट भएका छन्। यद्यपि, मानवीय क्षति भने नभएको इलाका प्रहरी कार्यालय धनौली खजुराले जनाएको छ । रोकाया परिवार खेतमा मसुरो काट्न गएको बेला अचानक घर-गोठमा आगलागी भएको छिमेकीले खबर गरेका थिए । आगो निभाउन स्थानीयले प्रयास गरे पनि सम्भव नभएपछि नेपालगन्ज उपमहानगर पालिकाको दमकल बोलाइएको थियो । तर, दमकल ढिलो आइपुगेका कारण सम्पूर्ण घर-गोठ जलेर नष्ट भएको पीडित लाल बहादुर रोकायाका बुहारी तथा नागरिक आरोग्य केन्द्रकी कर्मचारी सविना केसी रोकायले जानकारी दिनुभयो । प्रहरीका अनुसार आगलागीबाट करिब १० लाख रुपैयाँभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ । रोकायाको थप घर जल्न नदिन प्रहरी र स्थानीयवासी आगो नियन्त्रणमा जुटेका थिए । यस घटनापछि रोकाया परिवार घर बारविहीन बनेका छन् ।

## लुम्बिनी बौद्ध विश्वविद्यालयमा विदेशी विद्यार्थीहरूको उत्साहजनक सहभागिता




नमस्ते समचारदाता
बुटवल, फागुन/२३

लुम्बिनी बौद्ध विश्वविद्यालयमा नयाँ शैक्षिक सत्रका लागि भर्ना भएका विदेशी विद्यार्थीहरूलाई भव्य स्वागत गरिएको छ । चालु शैक्षिक सत्रमा ३८ जना विदेशी विद्यार्थीहरूले भर्ना लिएका छन्, जसमा ३५ जना चीनका, २ जना भारतका र १ जना मलेसियाका रहेका छन् । विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्य, रजिष्ट्रार डा. तिलकराम आचार्य, बौद्ध अध्ययन संकायका डिन डा. माणिकरत्न शाक्य र योजना तथा मूल्याङ्कन महाशाखाका निर्देशक डा. कुलप्रसाद खनालले विद्यार्थीहरूलाई एडमिसन अफर लेटर प्रदान गर्दै स्वागत गरे । देवदह शिक्षा विकास परियोजनाका निर्देशक डा. कुमार खड्काका अनुसार स्नातकोत्तर तहमा ३७ जना र स्नातक तहमा १ जना विद्यार्थी भर्ना भएका छन् । स्नातकोत्तर तहमा अनुवाद तथा व्याख्या विषयमा ८ जना चीनका र १ जना भारतका विद्यार्थी छन्, भने बुद्धिजम एण्ड नेपाल स्टडिजमा २७ जना चीनका र १ जना मलेसियाका विद्यार्थी अध्ययनरत छन् । स्नातक तहमा बीटीसीएसओएल विषयमा भारतका १ जना विद्यार्थी भर्ना भएका छन् । कार्यक्रममा सहभागी विद्यार्थीहरूले लुम्बिनीमा अध्ययन गर्न पाउनु गर्वको विषय भएको बताए । चीनकी यु च्याच्याले बुद्ध जन्मस्थलमै अध्ययन गर्न पाउनु ठूलो अवसर भएको बताउँदै नेपाल-चीनबीचको ऐतिहासिक सम्बन्धलाई स्मरण गरिन् । भारतकी क्रिञ्जल वर्नवालले विश्वविद्यालयको शिक्षण पद्धति प्रभावशाली रहेको बताउँदै आफू निकै उत्साहित रहेको उल्लेख गरिन् । बौद्ध अध्ययन संकायका डिन डा. माणिकरत्न शाक्यले लुम्बिनी बौद्ध विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय केन्द्रको रूपमा विकास गर्न लागिएको जानकारी गराउँदै विदेशी विद्यार्थी भर्नाका लागि सहजीकरण गरिएको बताए । विश्वविद्यालयले अन्तर्राष्ट्रिय स्तरको छात्रावास निर्माणको थालनी गरिसकेको छ, जसले विदेशी विद्यार्थीहरूको बसाइलाई सहज बनाउने लक्ष्य राखेको छ । विश्वविद्यालयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहमा विदेशी विद्यार्थीहरूको निरन्तर उपस्थिति रहेको छ। डिन कार्यालयका अनुसार विद्यावारिधि तहका लागि १० जनाको कोटा निर्धारण गरी भर्ना खुलाइएको छ। विश्वविद्यालयले अध्ययन, अनुसन्धान र पूर्वाधार विकासमा जोड दिँदै अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई अझ आकर्षित गर्ने योजना अघि बढाएको छ।

# युद्ध तरङ्ग र वैश्विक भाइचारा

## गोरखापत्र अनलाइन

केही दिनअघि ह्वाइट हाउसबाट प्रसारित एउटा दृश्यले सारा विश्वभरि तरङ्ग ल्यायो । त्यसले कतिपय शक्तिराष्ट्रको ध्यान मात्रै खिचेन बरु वैश्विक ध्रुवीकरणलाई झन् बाक्लो बनायो । सँगसँगै 'शक्तिहीन' र 'क्षीण' भइरहेका राष्ट्रलाई आफ्नो स्वाभिमान र अभिमानले बेस्सरी चिमोट्यो । दृश्य थियो, अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसको । जो संसारकै शक्तिकेन्द्र मानिन्छ । त्यो दृश्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भेन्सले युक्रेनका राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीलाई च्याखच्याख्ती पारिरहेको देख्न सकिन्छ । संसारभरि त्यसलाई अमेरिकाको अपमानपूर्ण व्यवहार भएको भन्दै आलोचना पनि भएको छ । त्यो दृश्यपछि तत्कालै युक्रेनको पक्षमा अमेरिकामै विशाल प्रदर्शन पनि भएका छन् । खास गरी युक्रेनलाई अमेरिकाले नै ह्वाइट हाउसमा निम्तो गरेको थियो । युक्रेनी भूमिमा रहेका केही दुर्लभ अनि बहुमूल्य खनिज पदार्थमा सम्झौता गर्नका लागि युक्रेनी राष्ट्रपति जेलेन्स्की पनि अमेरिकी निम्तो स्विकार्दै ह्वाइट हाउस पुग्नुभएको थियो । ह्वाइट हाउस छिर्नुअघि नै जेलेन्स्कीलाई पत्रकारले 'ड्रेसअप' को कुरा सोधेर निकै अपमान गरे । "सुट किन नलगाएको ?" अनि "तपाईंसँग एउटा पनि सुट छैन ?" जस्ता होच्याउने खालका प्रश्न सोधेर पत्रकारले उहाँलाई पहिला नै 'डोमिनेट' गरिसकेका थिए । ह्वाइट हाउसको मुख्यद्वारमा स्वागत गर्दै ट्रम्पले पनि पत्रकारकै भाषामा जेलेन्स्कीलाई त्यही प्रश्न गर्नुभयो । त्यसपछि बैठक कक्षको दृश्य त अहिले सारा विश्वका मान्छेका हात हातमा छ । अपमान र लज्जापूर्ण व्यवहारपछि जेलेन्स्की सिधै बेलायत पुग्नुभयो । त्यहाँ उहाँले न्यानो स्वागत पनि पाउनुभयो । त्यो घटनापछि अमेरिकाले युक्रेनलाई दिँदै आएको सैन्य सहायता बन्द गर्ने निश्चित थियो र भयो पनि त्यस्तै । बेलायतले युक्रेनलाई तत्कालका लागि केही सैन्य सहायता दिने घोषणा पनि गरेको छ । ह्वाइट हाउसको त्यो घटना 'अमेरिका-युक्रेन' सम्बन्धमा सीमित रहेन । बरु त्यसले सिङ्गो युरोपलाई एउटा ध्रुवमा ल्यायो । तत्कालै बेलायती प्रधानमन्त्री कियर स्टार्मरले युरोपेली नेताहरूको बैठक बोलाएर युक्रेनमाथि छलफल गर्नुभयो र शान्तिका लागि आह्वान पनि गर्नुभयो । यद्यपि चुनावताका नै रुस-युक्रेन युद्ध रोक्ने वाचा गरेका ट्रम्पले त्यसको सुरुवात पनि गर्नुभएको छ । रुसका अधिकारीसँग साउदी अरबमा वार्ता गरेर उहाँले शान्ति स्थापनाको प्रयास थाल्नुभयो । नियत जे जस्तो भए पनि युक्रेनसँग गर्ने भनिएको खनिज सम्झौता शान्ति स्थापनाको एउटा अमेरिकी सर्त थियो । युक्रेनले आफू अपमानित भएको महसुस भएपछि त्यो सम्झौता हुन सकेन । रुस-युक्रेन युद्ध मैदानमा शान्तिको परिकल्पना पनि अनिश्चित भएको छ । यसबिचमा बेलायत तथा फ्रान्सलगायत देशको अगुवाइमा शान्ति स्थापनाको पहल गर्ने गरी युरोपियन युनियनले निर्णय गरेको देखिन्छ । युक्रेनले पनि शान्तिका लागि तयार भएको भनेर आफ्नो प्रस्टीकरण दिइरहेको छ । आजको खुला विश्वमा कुनै पनि राष्ट्रले सायदै युद्ध चाहन्छ । जब उसको स्वाभिमान र स्वतन्त्रतामाथि आँच आउन थाल्छ अनि त्यो बेला युद्ध पनि एउटा विकल्पका रूपमा अघि आउन सक्छ । युद्ध सर्वथा गलत हो । यसले विनाशभन्दा अर्थोक केही निम्त्याउँदैन । शक्तिराष्ट्रले अन्य राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता सम्मान उसको सुरक्षामा सम्मानपूर्ण व्यवहार आवश्यक छ । यसैबाट वैश्विक मेलमिलाप र वैश्विक भाइचारा स्थापित हुन्छ । अनि विश्वशान्तिको सुरुवात हुन सक्छ । तीन वर्षअघि रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको थियो । त्यो लडाइँ अहिले पनि जारी छ । यो तीनबर्से लडाइँका दौरान युक्रेनले युद्धको यति चर्को मूल्य चुकाउनु परेको छ कि उसको राष्ट्रिय इतिहासमा आगामी पुस्तासम्म पनि त्यसको परिपूर्ति सायदै गाह्रो देखिन्छ । रुस-युक्रेन युद्ध यी दुई देशमा मात्रै सीमित रहेन । सारा विश्वलाई कुनै न कुनै रूपमा अहिले पनि कतै न कतै दुखिरहेको छ । युरोप भनेको पूरै विश्व आपूर्ति चक्रको एउटा मध्यभूमि हो । जहाँबाट विश्व बजार अनि विश्व अर्थतन्त्र पनि सञ्चालन हुन्छ । भर्खरै कोरोना महामारीबाट तङ्ग्रिन थालेको विश्वमा त्यही युद्धले थप बिथोलिदियो । त्यो युद्धका कारण अस्तव्यस्त भएको आपूर्ति चक्रले पूरै विश्व बजारमा असर पर्‍यो । कतिपय राष्ट्रको अर्थतन्त्र नै डामाडोल भयो । युरोप अहिले पनि महँगीको चर्को मारले थिचिइरहेको छ । नेपाल जस्ता राष्ट्रलाई पनि त्यसको प्रत्यक्ष मार पर्‍यो । नेपाल र अझ ८० प्रतिशतभन्दा वस्तु र सेवा आयातमा निर्भर राष्ट्र हो । यति मात्रै होइन, यो युद्ध अर्थात् रुस-युक्रेन युद्धमा प्रत्यक्ष पनि गाँसियो । सरकारले अनुमति नदिए पनि लुकिछिपी रुसी सेनामा भर्ना भएका दर्जनभन्दा धेरै नेपाली युवाको ज्यान गएको छ । कैयौँ घाइते भएका छन् । कैयौँ बेपत्ता छन् । अहिले पनि रुसी सेनामा भर्ना भएका नेपालीको अवस्था परिवारले समेत थाहा नपाएको अवस्था छ । कुनै देशको युद्धले मात्रै युद्धरत पक्षलाई मात्रै असर गरेको हुन्न बरु त्यसले टाढा टाढाका देशमा पनि प्रभाव पारिरहेको हुन्छ । यो मात्रै होइन, इजरायल-हमास युद्धमा पनि १० भन्दा बढी नेपालीले ज्यान गुमाउनु पर्‍यो । हमासको नियन्त्रणमा रहेका भनिएका विपिन जोशीको अवस्था दुई वर्षदेखि अज्ञात छ । नेपाल आफैँमा असंलग्न राष्ट्रको पक्षधर देश हो । त्यसैले नेपाल विश्वमा हुने यस्ता र सबै प्रकारका युद्ध र लडाइँबाट टाढा नै रहन्छ । यही पञ्चशील सिद्धान्तमा हाम्रा परराष्ट्र नीति छन् । त्यसैले युद्ध अनि लडाइँका दौरान नेपालले कसैको पनि समर्थन वा विरोध गर्न सक्दैन । आफ्नो राष्ट्र र राष्ट्रमाथि नै युद्धका बाछिटा पर्न थालेपछि भने नेपाल जस्ता राष्ट्रले अन्तर्राष्ट्रिय मञ्चमार्फत कूटनीतिक पहल पनि थाल्नु पर्छ । यद्यपि युद्धको सुरुवातमा नेपालले युक्रेनको समर्थन गरेपछि त्यसबारे अनेक टीकाटिप्पणी पनि आए तर एउटा सार्वभौम राष्ट्रले अर्को देशको स्वतन्त्रता अनि सार्वभौमिकताको सम्मान गर्नु अस्वाभाविक होइन । अहिले अमेरिकाको आलोचना भएको एउटा कारण त्यो पनि हो । कुनै पनि राष्ट्रले आफ्नो शक्तिको आडमा अर्को कुनै राष्ट्रको स्वतन्त्रता अनि सार्वभौमिकतामाथि आघात पुर्‍याउनुहुन्न । भूगोल अनि अर्थतन्त्रका आधारमा हरेक देशका आआफ्नै विशेषता हुन्छन् । कोही धनी हुन्छन्, कोही गरिब हुन्छन् । कोही देश ठुला हुन्छन्, कोही साना हुन्छन् तर स्वतन्त्रता अनि सार्वभौमिकता भनेको सबैका लागि उत्तिकै बराबरी हुन्छन् । अर्को राष्ट्रले कुनै व्यक्तिलाई होइन, त्यो राष्ट्रको त्यही सार्वभौमिकता र स्वतन्त्र अस्तित्वलाई सम्मान गर्ने हो । यही नै वैश्विक भाइचाराको एउटा आधार हो । 'महाशक्ति' भएर अमेरिकी प्रभुत्वको पुनर्जन्म गराउने सोचका साथ दोस्रो पटक राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प यतिबेला आफ्ना निर्णय र आदेशका कारण जति चर्चामा हुनुहुन्छ, त्योभन्दा धेरै विश्वमा भय अनि अन्योलपूर्ण तरङ्ग छाएका छन् । आप्रवासीसम्बन्धी ट्रम्पका कतिपय आदेश र नीतिले विश्वका सबै देश प्रभावित भएका छन् । अमेरिकामा धेरै नेपाली पनि छन् । धेरै आप्रवासी नेपाली त्यहाँ अवैधानिक रूपमा रहेको भन्ने पनि छ । अमेरिकाले पहिलो चरणमा डिपोर्ट गर्ने लाखौँ आप्रवासीको सूचीमा एक हजार तीन सय नेपाली यसअघि नै सूचीकृत भइसकेका छन् । त्यसमध्ये भर्खरै मात्र आठ नेपालीलाई अमेरिकी चार्टर विमानले नेपाल ल्याएर छोडिदिएको छ । ट्रम्पको आदेश अनुसार बिस्तारै आप्रवासी नेपाली डिपोर्ट हुने पक्कापक्की छ । यति मात्रै होइन, पछिल्लो पटक अमेरिकी र ाष्ट्रपतिकै निर्णय अनुसार चीन, क्यानडा र मेक्सिकोलगायतका देशमाथि चर्को कर लगाउने व्यवस्था सुरु भएको छ । यसले विश्वमा फेरि अर्को भयानक तरङ्ग पैदा गरेको छ । यसबाट शक्तिराष्ट्रबिच व्यापार अनि कर युद्ध सुरु हुने निश्चित छ र यस्ता अप्रत्यक्ष युद्धबाट प्रत्यक्ष पिरोलिने भनेको नेपाल जस्ता राष्ट्र नै हुन् । यद्यपि अहिले अमेरिकाको सिधा टक्कर विश्वका त्यस्ता शक्तिराष्ट्रसँग छ जसले अमेरिकी अस्तित्व अनि प्रभुत्वलाई चुनौती दिन थालेका छन् । त्यसको असर कुनै न कुनै रूपमा नेपाल जस्ता देशमा परिहाल्छ, यो स्वाभाविकै हो । नेपाल आफैँमा एक भूपरिवेष्ठित राष्ट्र हो । नेपालको आफ्नै अस्तित्व छ, स्वतन्त्र छ, सार्वभौम छ । तथापि भौगोलिक र सामरिक राजनीतिबाट नेपाल अलग भने रहन सक्दैन । यसका छिमेकका वारिपारि दुई शक्तिशाली राष्ट्र छन् । ती देशका पनि आफ्नै प्रकारका प्रतिस्पर्धा छन् । त्यस कारण पनि छिमेकका प्रभाव पक्कै नेपालमा रहन्छ । यसअघिका घटना परिघटनाबाट पनि छिमेकमा हुने अनेक किसिमका तरङ्गले नेपाललाई छोइरहेको इतिहास छ । त्यसैले यस्तो बेलामा नेपाल जस्ता राष्ट्रको भूमिका पनि अलग किसिमको हुनु पर्छ ।

> नेपाल आफैँमा एक भूपरिवेष्ठित राष्ट्र हो । नेपालको आफ्नै अस्तित्व छ, स्वतन्त्र छ, सार्वभौम छ । तथापि भौगोलिक र सामरिक राजनीतिबाट नेपाल अलग भने रहन सक्दैन । यसका छिमेकका वारिपारि दुई शक्तिशाली राष्ट्र छन् । ती देशका पनि आफ्नै प्रकारका प्रतिस्पर्धा छन् । त्यसकारण पनि छिमेकका प्रभाव पक्कै नेपालमा रहन्छ । यसअघिका घटना परिघटनाबाट पनि छिमेकमा हुने अनेक किसिमका तरङ्गले नेपाललाई छोइरहेको इतिहास छ ।





डा. शोभाकर पराजुली

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# प्रदेश सदस्यको उत्साहजनक सहभागिता

नमस्ते समचारदाता
सुर्खेत, फागुन/२३



कर्णाली प्रदेश सभामा धैरै जसो प्रदेश सभा सदस्यहरू प्रदेश सभामा उपस्थित हुने गरेको पाइएको छ। कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको २०७९ पुस १८ गते कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो बैठक बसेको थियो। त्यसयता २०८१ असोज १५ सम्म जम्मा ९६ वटा बैठक बसेका थिए। यो अवधिसम्म कुल ९६ वटा बैठक बसेका छन्। प्रदेश सभामा पहिलो अधिवेशनदेखि चौथो अधिवेशनसम्म प्रदेश सभा सदस्यको उत्साहजनक सहभागिता देखिएको छ। कर्णाली प्रदेश सभाका सभामुख नन्दा गुरुङ चौथो अधिवेशनसम्म सञ्चालनमा आएका ९६ वटा बैठकमा नै उपस्थित हुनुभएको छ। यो अवधिमा मुख्यमन्त्री यामलाल कँडेल सबैभन्दा धेरै प्रदेश सभा बैठकमा उपस्थित हुनुभएको छ भने आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह सबैभन्दा कम उपस्थित हुनुभएको छ। मन्त्री शाह ९६ दिनको बैठकमा जम्मा ४९ दिन मात्रै उपस्थित हुनुभएको छ। उपसभामुख यशोदा न्यौपाने ८९ दिन बैठकमा उपस्थित हुनुभएको छ। अन्य प्रदेश सभा सदस्य इन्द्राकुमारी शाही ८८ दिन, पूर्वऊर्जामन्त्री उर्मिला विश्वकर्मा ८३ दिन, कलबहादुर हमाल ८३ दिन, कल्याणी खड्का ७७ दिन प्रदेश सभा बैठकमा उपस्थित हुनुभएको छ। पूर्वमन्त्री कृष्णबहादुर बिसी ७८ दिन, पूर्वमन्त्री कृष्णबहादुर जिसी ९३ दिन उपस्थित हुँदा पूर्वमन्त्री खड्गबहादुर पोखरेल ८९ दिन उपस्थित हुनुभएको प्रदेश सभा सचिवालयले जनाएको छ। भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री गमता विक ९४ दिन, सामाजिक विकासमन्त्री घनश्याम भण्डारी ८७ दिन सदनमा उपस्थित हुँदा जानकी सिंह ७२ दिन उपस्थित हुनुभएको छ। पूर्वमन्त्री जित बहादुर मल्ल ८६ दिन, पूर्वमुख्यमन्त्री जीवन बहादुर शाही ५६ दिन उपस्थित हुनुभएको छ। सधैँ बैठकमा उपस्थित हुने शाहीमाथि अख्तियारले मुद्दा चलाएकोले उहाँ निलम्बनमा पर्नुभएको थियो। पूर्वमन्त्री टेकराज पछाई ९४ दिन, जुम्कित लामा कार्की ९० दिन, तुलसा मल्ल ८९ दिन, दक्षिणा शाही ८५ दिन, पूर्वमन्त्री दुर्गबहादुर रावत ९२ दिन, देवेन्द्रबहादुर शाही ८८ दिन सदनमा उपस्थित भएको प्रदेश सभा सचिवालयले दिएको तथ्याङ्क रहेको छ। पूर्ण बहादुर खत्री ८७ दिन, पूर्वमन्त्री वीर बहादुर शाही ८७ दिन, पूर्वमन्त्री भीमप्रकाश शर्मा ७४ दिन, पूर्वमन्त्री मङ्गलबहादुर शाही ८३ दिन, पूर्वमन्त्री महेन्द्र केसी ८२ दिन, मिलन खड्का रोका ९२ दिन यो अवधिमा बैठकमा उपस्थित हुनुभएको छ। पूर्वमन्त्री रनसिंह परियार ९२ दिन, पूर्वमुख्यमन्त्री राजकुमार शर्मा ७७ दिन र लक्ष्मी सुनार ९१ दिन उपस्थित हुनुभएको छ। यसैगरी यो अवधिमा बलीमाया बुढा ९० दिन, ऊर्जामन्त्री विजया बुढा ९१ दिन, पूर्वमन्त्री विन्दमान विष्ट ८१ दिन, भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री विनोद कुमार शाह ८२ दिन, पूर्वमन्त्री वेदराज सिंह ९० दिन, भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेर बहादुर बुढा ७७ दिन, सन्तोषी शाही ६७ दिन, उद्योग पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारी ८९ दिन र हिक्मत बहादुर विष्ट ९३ दिन हाजिर हुनुभएको छ। राजनीतिक विश्लेषक पीताम्बर ढकालले प्रदेश सांसदहरू जनताका प्रतिनिधि भएका कारण हरेक बैठकमा उपस्थित हुनुपर्ने बताउनुहुन्छ। उहाँले भन्नुभयो, "उहाँहरू कर्णालीका १७ लाख जनताको प्रतिनिधि हो। उहाँहरूले प्रदेश सभा बैठकमा जनताको आवाज उठाउनु पर्छ। तथ्याङ्क अनुसार प्रदेश सभा सदस्यको उपस्थिति राम्रो देखिएको छ। यो गजबको कुरा हो।"

# अनुदानमा पाएका दर्जनौं कृषि फार्म अलपत्र



नमस्ते समचारदाता
सुर्खेत, फागुन/२३

कर्णाली प्रदेशको आर्थिक सहयोगमा र कृषि विकास कार्यालय मुगुको सहजीकरणमा अनुदानमा पाएका दर्जनौं कृषि फार्महरु अलपत्र परेका छन् । मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्ने भनी अनुदानमा पाएका कृषि फार्म एक वर्षपछि अलपत्र परेका हुन् । जिल्लाको खत्याड गाउँ पालिका, मुगुमकार्मारोङ गाउँपालिका, सोरु गाउँपालिका र छायाँनाथ रारा नगरपालिकामा आर्थिक वर्ष २०६६/०७७ देखि आर्थिक वर्ष ८०/०८१ सालसम्मका अनुदान पाएका तरकारी खेती फार्म, नर्सरी, बिउबैङ्क, तरकारी सङ्कलन केन्द्र र सेलार स्टोरका दर्जनौं फार्महरु अहिले अलपत्र अवस्थामा भएको कृषि विकास कार्यालय मुगुले जानकारी गराएको छ । कृषि विकास कार्यालय मुगुका अधिकृत गणेश अधिकारीका अनुसार जिल्लामा अनुदानमा आएका कृषि फार्महरु बाढीपहिरो र किसानले उत्पादनमा निरन्तरता नदिँदा जिल्लाका दर्जनौं कृषि फार्महरु अहिले अलपत्र अवस्थामा परेका हुन् । छायाँनाथ रारा नगरपालिका १० का किसान रतनलाल सेजुवालका अनुसार अनुदानमा आएका तरकारी फार्म अहिले झारपात र सिस्नोले भरिएको छ । सेलार स्टोरका भवन बाहेक केही छैन । राज्यले नक्कली किसानलाई अनुदान दिँदा यस्तो अवस्था सृजना भएको हो । पहुँचको भरमा ल्याएका अनुदानको दुरुपयोग गर्ने फार्मलाई राज्यले असुलउपर गर्नुपर्ने उहाँको सुझाव छ । जिल्लामा करोडौं रुपियाँको अनुदान पाएका जिल्लाका फर्महरुले उत्पादनभन्दा अनुदानमुखी कार्यक्रमहरुले जिल्लाको बेरोजगारी कम गराउनुको सट्टा राज्यले करोडौं लगानी गरेका फर्महरु अहिले खण्डहरमा परिणत हुँदै आएको कृषकहरुको गुनासो छ।


# खानेपानीको पहुँचमा हुम्लावासी

नमस्ते समचारदाता
हुम्ला, फागुन/२३



दुर्गम जिल्ला हुम्लाका ८८ प्रतिशत घरधुरीका बासिन्दामा स्वच्छ खानेपानीको पहुँच पुगेको छ। खानेपानीसम्बन्धी काम गर्ने आधा दर्जन सरकारी तथा गैरसरकारी निकायले बर्सेनि खानेपानी योजना निर्माण गरेर सञ्चालनमा आएपछि स्वच्छ पानीको पहुँच वृद्धि हुँदै गएको हो। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयका प्रमुख ज्वालाराज शाहीले राष्ट्रिय जनगणना-२०७८ अनुसार जिल्लाको कुल घरधुरी सत्_यामध्ये हालसम्म ८८.१८ प्रतिशत हुम्लावासीका घरधुरी स्वच्छ खानेपानीको पहुँचमा रहेको बताउनुभयो। यो विवरणमा ६३.८८ प्रतिशत हुम्लावासीका घरधुरी सार्वजनिक खानेपानीका धाराबाट पानी उपभोग गरिरहेका छन् भने २४.३० प्रतिशत घरधुरीले व्यक्तिगत धारा निर्माण गरेर स्वच्छ खानेपानी उपभोग गरेका छन्। आर्थिक वर्ष २०८०/८१ सम्म जिल्लाको कुल घरधुरी संख्या ११ हजार २०४ रहेको छ। त्यसमा दुई हजार ७२३ घरधुरीले व्यक्तिगत धारा प्रयोग गरेका छन् भने सात हजार १५७ घरधुरीले सार्वजनिक धाराको पानी उपभोग गरिरहेको उहाँले बताउनुभयो। व्यक्तिगत र सार्वजनिक धाराबाट स्वच्छ खानेपानी उपभोग गर्ने घरधुरी संख्या नौ हजार ८८० रहेको छ। उहाँले विगत तीन वर्षयता जिल्लामा स्वच्छ खानेपानीको उपभोग गर्ने घरधुरी वृद्धि भइरहेको समेत बताउनुभयो। जनगणना अनुसार हुम्ला जिल्लाको कुन जनसंख्या ५५ हजार ३९४ छ। उहाँले चालु आवमा जिल्लाभर २८ वटा खानेपानी योजना निर्माणाधीन रहेकाले आगामी असारसम्म ती योजनाको निर्माण सम्पन्न हुने र जिल्लाको स्वच्छ खानेपानीको उपभोग गर्ने घरधुरीको संख्या वृद्धि हुने जानकारी कार्यालय प्रमुख शाहीले दिनुभयो। खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलले यसरी स्वच्छ खानेपानीको उपभोग गर्ने घरधुरी वृद्धि हुनुमा खानेपानी तथा सरसफाइका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कारण त्यो सम्भव भएको बताउनुभयो। उहाँले हाल जिल्लामा खानेपानी तथा सरसफाइका क्षेत्रमा काम गर्ने सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, सुस्वा, गुडनेवर्स इन्टरनेसनल नेपाल लगायतका संस्थाले काम गरिरहेकाले स्वच्छ खानेपानी प्रयोग गर्ने घर धुरी वृद्धि भएको बताउनुभयो। नाम्खा गाउँपालिका-२ का स्थानीय उटुप लामाले स्वच्छ खानेपानीको पहुँच हुम्लावासीमा बढ्दै जानु सकारात्मक पक्ष भएको बताउनुभयो।



# ४० प्रतिशत महिला श्रम बजार बाहिर

नमस्ते समचारदाता
धनगढी, फागुन/२३



सुदूरपश्चिम प्रदेशका ४० प्रतिशत महिला श्रम बजार बाहिर रहेको एक कार्यक्रममा बताइएको छ । धनगढीमा आज आयोजित मिडियासँगको अन्तरक्रिया कार्यक्रममा प्रदेशमा ठुलो संख्यामा महिला श्रम बजार बाहिर रहेको बताइएको हो । घरायसी कामका कारण महिला श्रम बजारमा आउन नसकेको सशक्त महिला समृद्ध नेपालका कार्यक्रम संयोजक सङ्गीता यादवले बताउनुभयो । उहाँका अनुसार यो प्रदेशमा २६.४ प्रतिशत १५ देखि वा सोभन्दा बढी उमेर समूहका महिलाले कुनै न कुनै हिँसा भोगिरहेका छन् । यसैगरी, सुदूरपश्चिम प्रदेशमा ८८.४ प्रतिशत किशोरीले आफ्नो विवाहको उमेर आफै तोक्ने गरेको पाइएको जनाइएको छ । महिला सशक्तीकरणका लागि विभिन्न नीति, नियम बने पनि कार्यान्वयनको पाटो फितलो रहेको यादवको बुझाइ छ । त्यस्तै, युनिसेफका बाल सुरक्षा अधिकृत उपमा मल्लले यौन हिंसाको शिकार हुनेमा दुई तिहाइ बालिका रहेको उल्लेख गर्नुभयो । महिला सशक्तीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारले अझ बढी काम गर्न आवश्यक रहेको युएन वमन सुदूरपश्चिम प्रदेशका संयोजक प्रतिभा चौधरीले बताउनुभयो । यसका लागि सञ्चार माध्यमले पनि सरकारलाई घचघच्याउन आवश्यक रहेको उहाँको जोड थियो । सशक्त महिला समृद्ध नेपाल, युनाइटेड नेसन नेपाल लगायतको संयुक्त आयोजनामा भएको कार्यक्रममा संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोषका प्रोग्राम म्यानेजर मञ्जु लामा, युएन वमनका सन्तोष आचार्य लगायतले विषय विशेषज्ञको रूपमा आफ्नो प्रस्तुति राख्नुभएको थियो ।

# गृहमन्त्री लेखक भूकम्प प्रभावित क्षेत्रमा

नमस्ते समचारदाता
बैतडी, फागुन/२३



गृह मन्त्री रमेश लेखक भूकम्प प्रभावितका घर पुनर्निर्माण गर्ने गरी आयोजना कार्यालय स्थापना गर्न बैतडी हुँदै बझाङ पुग्नुभएको छ । जिल्ला भूकम्पीय पुर्निर्माण तथा पुर्नस्थापना आयोजना कार्यान्वयन एकाइको उद्घाटन गर्न गृहमन्त्री लेखक शुक्रबार बैतडीको खोड्पे हुँदै बझाङ पुग्नुभएको हो । बझाङ केन्द्रविन्दु भए गत वर्ष असोज १६ र २० गते गएको भूकम्पले बझाङमा चार हजार ८५८ घर र बैतडीको सिगासमा दुई वटा घरमा क्षति पुगेको थियो । प्रभावित परिवारलाई सरकारले यस अघि अस्थायी आवासका लागि २१ करोड ५० लाख रुपियाँ राहत उपलब्ध गराइसकेको छ । भूकम्पले बझाङमा सात वटा सरकारी कार्यालयसहित चार हजार ८५८ घर, जयपृथ्वी राजमार्ग र केही सहायक सडकमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय बझाङका विपद् सम्पर्क व्यक्ति नर बहादुर धामीले बताउनुभयो । दोस्रो चरणमा भूकम्पबाट प्रभावित परिवारलाई पुर्नस्थापना गर्न बझाङको जयपृथ्वी नगरपालिका-९, देवलमा आयोजना कार्यान्वयन एकाइ स्थापना भएको छ । सो आयोजनाको उद्घाटन गर्न गृह मन्त्री लेखक शुक्राबार बैतडीको खोड्पे हुँदै बझाङ आइपुगेको स्वकीय सचिव जनकराज भट्टले जानकारी दिनुभयो । भूकम्प प्रभावित क्षेत्रको वस्तुस्थित बुझ्ने क्रममा गृहमन्त्री लेखकले शुक्रबार बैतडीका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्ययाय लगायत सुरक्षा प्रमुख र स्थानीयवासीसँग बैतडीको खोड्पेमा छलफल गर्नुभएको छ । छलफलका क्रममा बैतडीका प्रमुख जिल्ला अधिकारीले खोड्पेमा स्थापना भएको मानवीय सहायता स्थललाई आवश्यक जनशक्ति र उपकरणका बारेमा गृहमन्त्री लेखककलाई जानकारी गराउनुभएको छ । विपद्का बेला उद्धार र राहत वितरणका लागि सुदूरपश्चिमका पहाडी जिल्लालाई पायक पर्ने गरी बैतडीको पाटन नगरपालिका-८, खोड्पेमा मानवीय सहायता स्थल स्थापना गरिएको छ ।

# सुरक्षित आवासबाट विपन्न परिवार हर्षित

नमस्ते समचारदाता
कैलाली, फागुन/२३



कैलालीको घोडाघोडी नगरपालिकाका विपन्न, सीमान्तकृत समुदायलाई सरकार ले सुरक्षित आवास निर्माण गरिदिएपछि उनीहरू खुसी भएका छन् । बर्सातको झरी र गर्मीबाट ओत लाग्ने गतिलो घर नभएका विभिन्न वडाका विपन्न परिवारले पक्की घर पाएका छन् । नगरपालिकाले १२ वटा घर ती समुदायलाई हस्तान्तरण गरेको छ । वडा नम्बर ४, सिम्थरीमा निर्माण गरिएका छ वटा आवास र वडा नम्बर ९, गोदनीमा निर्माण गरिएका छ वटा सुरक्षित आवास हालै एक कार्यक्रमबिच नगरप्रमुख खडकबहादुर रावतले सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्नुभएको हो । आवासविहीनका लागि नगरपालिकाले सबै वडामा सुरक्षित आवास बनाइदिने योजना रहेको नगरप्रमुख रावतले बताउनुभयो । उहाँले भन्नुभयो, "आवासविहीन भएका मुक्त कमैया, दलित, भूमिहीन र सुकुमवासीहरूको घर बनाउने काम नगरपालिकाले गरेको छ ।" आफ्नो कार्यकालमा नगरपालिकाभित्रका सबै वडामा सीमान्तकृत वर्गको सुरक्षित आवास बनाएर हस्तान्तरण गर्ने योजना रहेको नगरप्रमुख रावतले बताउनुभयो । आर्थिक वर्ष २०७९/८० मा वडा नम्बर ३ मा १२ वटा सुरक्षित आवास निर्माण गरी हस्तान्तरण गरिएको जनाउँदै उहाँले आव २०८१/८२ मा वडा नम्बर ५, ७, १० र १२ मा २७ वटा आवास निर्माणको काम अगाडि बढेको जानकारी दिनुभयो । दुइटा कोठा र एउटा शौचालयसहितको पक्की जस्ता पाताले छाएको घर निर्माणका लागि नगरपालिकाको ५८ प्रतिशत र ह्याबिट्याट फर ह्युमिनिटी, राष्ट्रिय दलित नेटवर्कको ४२ प्रतिशत सहयोग रहेको जनाइएको छ ।लाभग्राहीको श्रमसहित सात लाखमा एउटा घर निर्माण भएको जनाइएको छ ।

# परदेशीको परखाइमा रित्तो गाउँ बस्ती



नमस्ते समचारदाता
बाजुरा, फागुन/२३

बाजुराका अधिकांश गाउँ बस्ती यति बेला परदेशीको परखाइमा छन् । हिउँद लागेसँगै यहाँका अधिकांश युवा युवती भारत गएपछि ती गाउँ बस्ती खाली हुँदै गएका थिए । यहाँका स्थानीयहरू कात्तिक मङ्सिरको महिना हिउँदे खेती गहुँ जौ लगाउने त्यसपछि उनीहरू कामको खोजीमा भारत जाने गर्दछन् । कामको खोजीमा हिउँदको महिना भारतमा गएका परदेशी अहिले घर नफर्किएपछि यति बेला ती गाउँ बस्ती परदेशीको परखाइमा रहेका हुन् । धन कमाउन परदेशिएकाहरु घर नफर्किएपछि गाउँ बस्ती खाली हुँदै गएको बुढीगङ्गा नगरपालिका स्थानीय ज्येष्ठ नागरिक कविता नेपालीले बताउनुभयो । उहाँले भन्नुभयो, "दशैंको बेला सबै युवाहरू घरमा आउँदा गाउँ निकै भरिभराउ भएका हुन् । दसैं सकिएसँगै फेरि ती सबै युवा युवती कामको खोजीमा धमाधम भारत गएपछि अहिले यहाँका गाउँ बस्ती खाली भएका हुन् ।" पढेलेखेका युवा युवतीहरूलाई गाउँमा गरी खाने केही विकल्प नहुँदा उनीहरू रोजगारीका लागि भारतमा जान बाध्य भएका हुन् । यसरी गाउँ छोडेर रोजगारीका लागि भारतमा गएका युवाहरू त्यहाँदेखि फर्किएपछि अहिले यहाँका गाउँ बस्ती उनीहरूको पर्खाइमा रहँदै आएको नेपालीले बताउनुभयो । बाजुराका अधिकांश स्थानीय हिउँद र बर्खाको केही महिना घरमा बस्ने भए पनि त्यसपछि उनीहरू अन्य सबै महिना भारतमै बस्ने गर्दछन् । यहाँका स्थानीयहरूको कात्तिक मङ्सिरमा हिउँदे तथा असारमा बर्खा खेती लगाउन गाउँमा आउने र त्यसपछि फेरि कामको खोजीमा भारतमा जाने प्रचलन छ । नेपालको २०७८ सालको जनगणना अनुसार बाजुरामा २८ हजार ६४ घरधुरी छन् । अहिले यहाँका झन्डै पचास प्रतिशत घर खाली भएका छन् । गाउँमा घरमा यसो हेर्दा यहाँका अधिकांश घरमा ठुला ताल झुन्डिएका छन् । त्यसै गरी यहाँको एक लाख ३८ हजार ५२३ जनसंख्या छ । यसको झन्डै आधा प्रतिशतभन्दा बढी संख्या गाउँदेखि बाहिर बस्दै आएको छ । वसन्त ऋतु लागेसँगै यहाँका वन पाखा खेतबारी हराभरा तथा पहेँला हुन थालेपछि परदेशी भने स्थानीय अझै गाउँघरमा पुगेका छैनन् । हिउँदे बाली जौ गहुँ पाक्नै लाग्ने अवस्थाका छन् । तर परदेशीहरु भने अझै घरमा फर्किएका छैनन् । बाजुराको हिमाली, स्वामिकार्तिक खापर, जगनाथ, बुढीनन्दा, बडिमालिका, गौमुल, बुढीगङ्गा त्रिवेणी र खप्तड छेडेदह गाउँपालिका लगायतका स्थानीय भोको पेट पान्नकै लागि भारतका विभिन्न ठाउँमा जाने गर्दछन् । उनीहरू भारतमा जान थालेपछि यहाँका गाउँ बस्ती खाली हुँदै गएका हुन् ।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरै अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके